# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

केन्द्रीय कार्यालय, भद्रकाली प्लाजा

## सत्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१।०९।०७)

**श्री आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०८१।०९।०६ मा बसेको सञ्चालक समितिको १०४७औं बैठकको निर्णय अनुसार कम्पनीको सत्रौं वार्षिक साधारण सभा देहायका प्रस्तावहरू उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १० को उपविनियम (३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

### साधारण सभाको कार्यक्रम

**मिति** : **२०८१/०९/२८ गते, आइतबार (तदनुसार १२ जनवरी २०२५)**

**समय** : **बिहान १०:०० बजे।**

**स्थान** : **राष्ट्रिय सभा गृह, प्रदर्शनी मार्ग, काठमाडौँ।**

### छलफलको विषय :

१. **साधारण प्रस्ताव** :

क) आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

ख) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०८०/८१ को नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने।

ग) लेखापरीक्षण ऐन, २०७५ को दफा ११ मा भएको व्यवस्था अनुसार श्री महालेखापरीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा १६५(घ) को प्रावधान अनुरूप कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८१/८२ का लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने, निजहरूको पारिश्रमिक निर्धारण गर्ने तथा नियुक्तिका अन्य सर्तहरू निर्धारण गर्ने प्रस्ताव पारित गर्ने।

घ) कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत भएपश्चात आ.व. २०८०/८१ को कम्पनीको मुनाफा रकम मध्येबाट शेयरधनीहरूलाई प्रति शेयर रु. ३०।- अक्षरुपी तीस रुपियाँ मात्र (नगद लाभांशमा लाग्ने कर समेत) का दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने।

२. **विषेश प्रस्ताव** :

क) नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन।

३. **विविध:**

**सञ्चालक समितिको आज्ञाले,**
**द्वारिका प्रसाद पौडेल**
**कम्पनी सचिव**

## कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी:

१. कम्पनीको सत्रौं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८१ साल पौष १८ गतेदेखि मिति २०८१ साल पौष २८ गतेसम्म कम्पनीको शेयर दाखिल खारेजको काम बन्द गरिनेछ। साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१ साल पौष १७ गतेसम्म नियमानुसार कारोबार भई यस कम्पनीको शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरूलाई यस साधारण सभाको प्रयोजनका लागि शेयरधनी कायम गरिनेछ।

२. वार्षिक साधारण सभामा भाग लिन उपस्थित हुने शेयरधनीहरूले आफ्नो BOID Statement वा शेयर प्रमाणपत्र वा परिचय खुल्ने प्रमाण (कागजात) अनिवार्य रूपमा लिई आउनुहुन अनुरोध गरिन्छ।

३. वार्षिक साधारण सभामा भाग लिन शेयरधनी आफैँ उपस्थित हुन नसक्ने भएमा निजको तर्फबाट प्रोक्सी नियुक्त गर्न सकिनेछ। प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन मिति २०८१/०९/२६ गते अपरान्ह ४:०० बजेभित्र कम्पनीको केन्द्रीय कार्यालय, भद्रकाली प्लाजा, काठमाडौँमा दर्ता गराइसक्नु पर्नेछ। एकभन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याएर दिएको प्रोक्सी बदर हुनेछ।

४. प्रतिनिधि मुकरर गरिसकेपछि बदर गर्न चाहेमा सभा हुने दिन हाजिरी पुस्तिका खुल्नु अघि सभास्थलमा आई लिखित सूचना दिनुपर्नेछ।

५. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी महानुभावको सुविधाका लागि सभा हुने दिन शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:०० बजेदेखि खुला रहनेछ।

६. शेयरधनी महानुभावहरूको ठेगानामा पठाइने कम्पनीको सत्रौं वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको website: **www.ntc.net.np** मा हेर्न सकिनेछ। कुनै कारणवश प्रतिवेदन प्राप्त गर्न नसक्नु भएका शेयरधनी महानुभावहरूले यस कम्पनीको केन्द्रीय कार्यालय, भद्रकाली प्लाजा, काठमाडौँबाट परिचय खुल्ने कागजात पेश गरी लिन सक्नु हुनेछ।

७. नाबालक वा विक्षीप्त शेयरधनी महानुभावहरूको तर्फबाट कम्पनीको शेयरधनीहरूको लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएका व्यक्तिलाई मात्र संरक्षकको रूपमा मान्यता दिइनेछ।

८. विविध शीर्षक अन्तर्गत छलफल गर्न चाहने शेयरधनी महानुभावले सभा हुनुभन्दा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिवालय, भद्रकाली प्लाजा, काठमाडौँमा लिखित जानकारी दिनु पर्नेछ। लिखित जानकारी नदिएको विषय उपर प्रश्न गर्न सकिने छैन।

९. शेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएको मन्तव्य वा प्रश्नहरूका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रूपमा जवाफ दिइनेछ।

१०. शेयरधनी महानुभावहरू सभास्थलमा उपस्थित हुँदा झोला, पोका जस्ता वस्तुहरू नलिई आउनहुन अनुरोध गरिन्छ। सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्नसक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन अनुरोध छ।

११. अन्य जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिवालय, भद्रकाली प्लाजा, काठमाडौँमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।